# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०७।१९ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरका लेखापाल (नायव सुब्बा) गुणराज दाहालले पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले राष्ट्रिय बहिरा महासंघ नेपाललाई कक्षा ६ को सामाजिक र बिज्ञान विषयको पाठलाई साङ्केतीकरण र दृश्य सामाग्री (डि.भि.डी) तयार गर्ने सम्झौता गरेकोमा उक्त कार्य पुरा गरी बिल भुक्तानी माग गर्दा जम्मा भएको रकमको २५ प्रतिशत आन्तरिक लेखा परीक्षणको लागि आवश्यक पर्ने भनी बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.२५,०००।-(पच्चीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.-५ गहना पोखरीस्थित भान्जा क्याफे अगाडिबाट मिति २०७५।७।१९ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता